राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ८ अंक २९ २०८३ भदौ १ गते सोमवार (17 Aust 2026) पृष्ठ ४ मूल्य रु. ३।-

## दाइजो अन्त्यमा सामूहिक पहल

दैनिक समाचारदाता

जनकपुरधाम, ३१ साउन । प्रतिनिधिसभाकी उपसभामुख रुबी ठाकुरले दाइजो प्रथा अन्त्यका लागि सामूहिक पहल आवश्यक रहेको बताउनुभएको छ।

धनुषाको ढल्केबरमा शनिबार नाई सहयोग संस्था नेपालको दोस्रो अधिवेशन तथा चौथो साधारण सभाको उद्घाटन गर्दै उपसभामुख ठाकुरले दाइजो प्रथाविरुद्ध समाजका सबै पक्ष एकजुट हुनुपर्नेमा जोड दिनुभयो।उहाँले दाइजो प्रथाको अन्त्यसँगै ठाकुर समुदायलाई सामाजिक तथा राजनीतिक रूपमा अगाडि बढाउन समुदायभित्र पारस्परिक सहयोग र एकता आवश्यक रहेको बताउनुभयो। समुदायको एकता र सहकार्यबाट मात्र समाजको प्रतिष्ठा र पहिचानलाई थप उचाइमा पुऱ्याउन सकिने उहाँको भनाइ थियो।

दाइजो प्रथाविरुद्ध आफूले निरन्तर आवाज उठाउँदै आएको उल्लेख गर्दै उपसभामुख ठाकुरले दाइजो लिएर वा दिएर विवाह गर्ने तथा दाइजोका लागि दबाब दिने कार्य कानुनविपरीत भएकाले त्यस्ता गतिविधिविरुद्ध कानुनी कारबाही हुन सक्ने बताउनुभयो।

उहाँले भन्नुभयो, "छोरीको विवाह गर्दा दाइजो नदिनुहोस्, छोराको विवाह गर्दा दाइजो नलिनुहोस्।"

दाइजोका कारण कसैमाथि दबाब, हिंसा वा अन्याय भए आफूलाई जानकारी गराउन आग्रह गर्दै उहाँले आवश्यक पहल गर्ने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो।

उपसभामुख ठाकुरले नाई सहयोग संस्था नेपालको दोस्रो अधिवेशन तथा चौथो साधारण सभा सफलताको शुभकामना दिँदै समुदायको हित, सामाजिक सुधार र उत्थानका अभियानमा संस्थाले प्रभावकारी भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो।

सोही अवसरमा सिरहा नाई समाजका तर्फबाट श्यामकुमार ठाकुरले उपसभामुख ठाकुरलाई ज्ञापनपत्र बुझाउनुभएको थियो। ज्ञापनपत्रमा हजाम (ठाकुर) समुदायको सामाजिक, आर्थिक, शैक्षिक तथा राजनीतिक उत्थानका लागि आवश्यक पहल गर्न तथा राज्यका विभिन्न निकायमा समुदायको प्रतिनिधित्व सुनिश्चित गर्न माग गरिएको छ।

### धार्मिक मठमन्दिरहरु सजाइयो

## मिथिलामा झुलनोत्सवको रौनक

दैनिक समाचारदाता

जनकपुरधाम, ३१ साउन । मिथिलाञ्चलका धार्मिक तथा सांस्कृतिक महत्व बोकेका मठमन्दिरमा झुलनोत्सव सुरु भएको छ । साउन शुक्ल तृतीयादेखि पूर्णिमासम्म मनाइने यस पर्वका अवसरमा जनकपुरधाम, महोत्तरीको मटिहानीलगायत मिथिलाका विभिन्न मठमन्दिरमा भगवान् सीताराम तथा राधाकृष्णलाई आकर्षक झुलामा विराजमान गराई भक्तिभावका साथ झुलाउने परम्परा रहेको छ ।



जानकी मन्दिरका महन्थ रामतपेश्वर दासका अनुसार झुलनोत्सवको परम्परा सन्त परम्परासँग जोडिएको धार्मिक विश्वास छ। जनकपुरधाममा भने सन् १७३० तिर जानकी मन्दिरका आदिमहन्त सुरकिशोर दास वैष्णवले यस पर्वको सुरुआत गराएको मानिन्छ। त्यसयता यहाँका विभिन्न मठमन्दिरका महन्थ तथा साधुसन्तले यो परम्परालाई निरन्तरता दिँदै आएका छन् ।

जानकी मन्दिरसहित रत्नसागर, विहारकुण्ड, अग्निकुण्ड लगायतका मठमन्दिरमा साँझदेखि मध्यरातसम्म झुलनोत्सव सम्बन्धी धार्मिक तथा सांस्कृतिक कार्यक्रम आयोजना गरिन्छ। भगवान् सीताराम तथा राधाकृष्णलाई विशेष रूपमा सजाइएको झुलामा राखेर झुलाउने, भजनकीर्तन गर्ने तथा मिथिलाको लोकलयमा कजरी, मलार र झुला गीत गाउने परम्परा छ । पौराणिक मान्यताअनुसार त्रेतायुगमा भगवान् राम र सीताले झुला खेलेको स्मरणमा यो पर्व मनाउने गरिएको जानकारहरू बताउँछन्। वैष्णव परम्परामा विष्णु र लक्ष्मीका अवतारका रूपमा पूजिने रामसीता तथा कृष्णराधाका प्रतिमालाई कलात्मक झुलामा राखी भक्तिगीतको लयमा झुलाउने यस

बाँकी पृष्ठ ३ मा

## सूचनाको हक: नागरिकको मौलिक अधिकार

- सार्वजनिक सरोकारका सूचना प्राप्त गर्नु नागरिकको अधिकार हो,
- सार्वजनिक सरोकारका सूचना उपलब्ध गराउनु राज्यको दायित्व हो,
- सही, तथ्यपरक र आधिकारिक सूचना आदान-प्रदान गरौं,
- सार्वजनिक निकायमा कानुनबमोजिम सूचना अधिकारी तोक्ने गरौं,
- डिजिटल प्रविधिको प्रयोग गरी सूचनामा नागरिकको पहुँच विस्तार गरौं,
- प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र
- पाउने हक हुन्छ, तर कानुन बमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पार्न मिल्दैन।

नेपाल सरकार
विज्ञापन बोर्ड

## चार उद्योगको ७ अर्ब बक्यौता

### सिमरा वितरण केन्द्रको कुल बक्यौता ७ अर्ब ८१ करोड, बिक्री र राजस्व भने बढ्यो

दैनिक समाचारदाता

बारा, ३१ साउन। नेपाल विद्युत् प्राधिकरण सिमरा वितरण केन्द्रअन्तर्गत आर्थिक वर्ष २०८२/८३ को असार मसान्तसम्म उठाउन बाँकी विद्युत् महसुल बक्यौता ७ अर्ब ८१ करोड ४९ लाख रुपैयाँ पुगेको छ। कुल बक्यौतामध्ये ठूलो हिस्सा बारा-पर्सा औद्योगिक करिडोरका चार ठूला उद्योगको डेडिकेटेड तथा ट्रङ्क लाइनको महसुल रहेको छ।




वितरण केन्द्रले सार्वजनिक गरेको वार्षिक प्रगति विवरणअनुसार हुलास स्टिल, जगदम्बा स्टिल, अशोक स्टिल र हामा आइरनबाट मात्रै करिब ७ अर्ब २१ करोड रुपैयाँ विद्युत् महसुल उठाउन बाँकी रहेको सिमरा वितरण केन्द्रका प्रमुख इन्जिनियर माधव महतले जानकारी दिनुभयो।

चार उद्योगमध्ये जगदम्बा स्टिलको बक्यौता सबैभन्दा बढी १ अर्ब ६० करोड रुपैयाँ रहेको वितरण केन्द्रले जनाएको छ।

प्राधिकरणका तत्कालीन कार्यकारी निर्देशक कुलमान घिसिङको कार्यकालमा जगदम्बा स्टिलले एक किस्ता तथा अन्य तीन उद्योगले दुई-दुई किस्तामा बक्यौता रकम बुझाएका थिए। तर, गत मंसिरदेखि ती उद्योगहरूले किस्ता रकम बुझाउन छाडेको प्रमुख महतले बताउनुभयो।

उहाँले भन्नुभयो, "बीचमा एकपटक पत्राचार भएको थियो, त्यसपछि कुनै प्रगति भएको छैन।"

डेडिकेटेड तथा ट्रङ्क लाइनको ठूलो बक्यौताका कारण वितरण केन्द्रको विद्युत् महसुल असुली शतप्रतिशत हुन नसकेको प्राधिकरणले जनाएको छ। सिमरा वितरण केन्द्रले औद्योगिक ग्राहकबाट मात्रै वार्षिक करिब ४ अर्ब ६७ करोड रुपैयाँ राजस्व उठाउँदै आएको छ।

विद्युत् बिक्री र राजस्वमा वृद्धि

बक्यौता असुली चुनौतीपूर्ण रहे पनि सिमरा वितरण केन्द्रको समग्र विद्युत् बिक्री र राजस्वमा भने उल्लेख्य वृद्धि भएको छ।

आर्थिक वर्ष २०८२/८३ मा वितरण केन्द्रले ५ अर्ब १९ करोड रुपैयाँ राजस्व सङ्कलन गरेको छ। अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा ४ अर्ब ४२ करोड रुपैयाँ राजस्व सङ्कलन भएको थियो। यसअनुसार एक वर्षमा राजस्व करिब ७७ करोड रुपैयाँले वृद्धि भएको हो।

त्यस्तै, आर्थिक वर्ष २०८१/८२ मा ५७ करोड ३९ लाख युनिट विद्युत् बिक्री भएकोमा गत आर्थिक वर्षमा ६६ करोड ७४ लाख युनिट पुगेको छ। एक वर्षमै विद्युत् बिक्री करिब ९ करोड ३४ लाख युनिटले बढेको प्रमुख महतले बताउनुभयो।

औद्योगिक क्षेत्रसहित सेवा क्षेत्रमा विद्युत् खपत बढ्दै जाँदा बिक्री र राजस्वमा वृद्धि भएको प्राधिकरणको भनाइ छ।

*८८० नयाँ ग्राहक थपिए*


गत आर्थिक वर्षमा सिमरा वितरण केन्द्रमा ८८० जना नयाँ ग्राहक थपिएका छन्। तर, मिटर अभावका कारण अपेक्षाअनुसार नयाँ ग्राहकलाई विद्युत् सेवा उपलब्ध गराउन नसकिएको प्राधिकरणले जनाएको छ।

प्रमुख महतले भन्नुभयो, "लगभग दुई हजारभन्दा बढी ग्राहक थपिनुपर्ने अवस्था थियो, तर मिटर अभावका कारण थोरै मात्र ग्राहक


बाँकी पृष्ठ ३ मा

अब अनलाइनबाट बुकिङ्को सुविधा

divyaclinicjanakpur.com





- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# उद्योग बचाउने चुनौती

धनुषा जिल्लामा उद्योग तथा व्यवसाय दर्ताको संख्या बढ्दै जानु उत्साहजनक पक्ष हो। आर्थिक वर्ष २०८२/८३ मा दुई हजारभन्दा बढी नयाँ उद्योग तथा फर्म दर्ता हुनु स्थानीय अर्थतन्त्रमा उद्यमशीलताको सम्भावना अझै जीवित रहेको संकेत हो। तर, यही अवधिमा २४६ वटा उद्योग तथा फर्म खारेज हुनु भने चिन्ताजनक तथ्य हो। दर्ताको संख्या मात्र बढ्नु आर्थिक विकासको पर्याप्त सूचक होइन; स्थापित उद्योग र व्यवसाय कति समयसम्म टिके, कति उत्पादनशील भए र कति रोजगारी सिर्जना गर्न सके भन्ने प्रश्न अझ महत्वपूर्ण हुन्छ।

कोभिड-१९ महामारीपछिको आर्थिक मन्दीको प्रभाव अझै साना तथा मझौला व्यवसायमा देखिन्छ। उपभोक्ताको क्रयशक्ति कमजोर हुनु, बजारमा माग घट्नु, सञ्चालन खर्च बढ्नु र आयातित वस्तुसँग प्रतिस्पर्धा गर्न नसक्नुले स्थानीय उद्योगलाई कमजोर बनाएको छ। बैंक तथा वित्तीय संस्थाबाट सहज र सस्तो ऋण नपाउनु पनि उद्यमीका लागि अर्को ठूलो बाधा बनेको छ। लाखौं रुपैयाँ लगानी गरेर व्यवसाय सुरु गरेका व्यवसायीले अपेक्षित आम्दानी गर्न नसक्दा व्यवसाय बन्द गर्नुपर्ने अवस्था आउनु अर्थतन्त्रका लागि सुखद संकेत होइन।

जनकपुरधामको मुख्य बजार क्षेत्रमा २५ प्रतिशतभन्दा बढी सटर खाली रहेको व्यवसायीहरूको भनाइले बजारको वास्तविक अवस्था झल्काउँछ। एकातिर नयाँ फर्म दर्ता भइरहेका छन् भने अर्कोतिर पुराना व्यवसाय बन्द हुँदैछन्। यसले उद्यम खोल्नेभन्दा त्यसलाई टिकाइराख्ने वातावरण कमजोर रहेको देखाउँछ। विशेषगरी युवा जनशक्ति स्वदेशमा उद्यम गर्नुभन्दा वैदेशिक रोजगारीतर्फ आकर्षित हुनु दीर्घकालीन आर्थिक चुनौती हो।

महिलाको नाममा उद्योग तथा व्यवसाय दर्ता गर्दा राजस्व छुट दिने सरकारी व्यवस्था सकारात्मक कदम हो। तर, छुटको सुविधा मात्र पर्याप्त हुँदैन। महिला तथा युवा उद्यमीलाई सीप, प्रविधि, बजार पहुँच, सहुलियतपूर्ण कर्जा र व्यावसायिक परामर्शको पनि उत्तिकै आवश्यकता छ। दर्ता गर्ने प्रक्रियालाई सहज बनाउनु जति आवश्यक छ, व्यवसाय सञ्चालनपछिको संरक्षण र प्रवर्द्धन पनि त्यत्तिकै महत्वपूर्ण छ।

सरकारले स्थानीय उत्पादनलाई प्राथमिकता दिने नीति प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्छ। आयातित वस्तुसँग प्रतिस्पर्धा गर्न नसक्ने उद्योगलाई प्रविधि, गुणस्तर सुधार र बजार व्यवस्थापनमा सहयोग आवश्यक छ। स्थानीय तह, प्रदेश र संघीय सरकारबीच समन्वय गरी साना तथा मझौला उद्योगका लागि विशेष राहत तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनुपर्छ।

उद्योग दर्ताको बढ्दो संख्या उत्सव मनाउने विषय हुन सक्छ, तर उद्योग बन्द हुने क्रमलाई सामान्य रूपमा लिन मिल्दैन। दर्ता मात्र होइन, उद्योगलाई टिकाउने वातावरण निर्माण गर्नु आजको मुख्य आवश्यकता हो। स्वदेशमै उत्पादन, रोजगारी र उद्यमशीलताको आधार बलियो बनाउन सकिए मात्र आर्थिक मन्दी र बढ्दो वैदेशिक पलायनको चुनौतीलाई प्रभावकारी रूपमा सामना गर्न सकिनेछ।

# युवा : उमेर होइन, सम्भावनाको नाम हो

## Gen–Z आन्दोलनदेखि युवा नेतृत्वको सरकारसम्म : अब युवाले खोजेको उत्तर के हो ?

*क्षितिज विक्रम खनाल*

आज अन्तर्राष्ट्रिय युवा दिवस । संसारका धेरै देशमा यो दिन युवाको अधिकार, सम्भावना, शिक्षा, रोजगारी र भविष्यबारे कुरा गरिन्छ । नेपालमा पनि हरेक वर्ष युवा दिवस आउँछ, शुभकामना आदानप्रदान हुन्छ, कार्यक्रम हुन्छन् र युवाका लागि सरकारले गरेका कामको चर्चा हुन्छ । तर यसपटकको युवा दिवसलाई केवल एउटा औपचारिक दिवसका रूपमा मनाएर पुग्दैन । किनकि नेपालका युवाले पछिल्ला वर्षमा केवल आफ्नो भविष्यबारे प्रश्न गरेका छैनन्, उनीहरूले राज्य र राजनीतिलाई नै प्रश्न गरेका छन् । यही प्रश्नको एउटा ठूलो अभिव्यक्ति न्भल-श आन्दोलनमा देखियो र त्यसैबाट बनेको नयाँ राजनीतिक परिस्थितिले अन्ततः युवा नेतृत्वको सरकारलाई जन्म दिएको छ ।

अब प्रश्न पहिलेको जस्तो छैन । पहिले हामी सोध्थ्यौं, “युवाका लागि सरकारले के गर्नुपर्छ ?” आज प्रश्न अझ गम्भीर छ, “युवा नेतृत्वमा सरकार बनेपछि युवाका लागि वास्तवमै के परिवर्तन हुँदैछ ?”

नेपालको कानुनले १६ देखि ४० वर्ष उमेर समूहलाई युवा मानेको छ । राष्ट्रिय जनगणना २०७८ का तथ्याङ्क हेर्दा नेपालको जनसंख्याको ठूलो हिस्सा यही उत्पादनशील उमेर समूहमा छ । करिब ४२.५ प्रतिशत जनसंख्या युवा उमेर समूहमा हुनु सामान्य कुरा होइन । यो देशका लागि ठूलो अवसर हो । तर अवसर आफैँ उपलब्धिमा बदलिँदैन । खेतमा बीउ धेरै भएर मात्र राम्रो बाली हुँदैन । त्यसलाई पानी, मल, श्रम र उचित मौसम पनि चाहिन्छ । त्यसैगरी युवाको संख्या धेरै भएर मात्र देश समृद्ध हुँदैन । उनीहरूलाई शिक्षा, सीप, रोजगारी, पूँजी र सही वातावरण चाहिन्छ ।

आज नेपालको सबैभन्दा ठूलो विडम्बना यही हो । हाम्रो देशमा युवा छन्, तर अवसर पर्याप्त छैन । विश्वविद्यालय छन्, तर पढाइ र रोजगारीबीच दूरी छ । तालिम छन्, तर तालिमपछि काम कहाँ गर्ने भन्ने स्पष्ट छैन । बैंकमा कर्जा छ, तर नयाँ उद्यमीका लागि सहज पहुँच छैन । खेत छ, तर किसानले उत्पादनको उचित मूल्य पाउने सुनिश्चितता छैन । पर्यटनको सम्भावना छ, तर त्यसलाई व्यवसायमा बदल्ने पूर्वाधार र बजार कमजोर छ । र, सबैभन्दा ठूलो कुरा, युवासँग ऊर्जा छ, तर त्यो ऊर्जा प्रयोग गर्ने दिशामा राज्य अझै स्पष्ट देखिँदैन ।

यही अवस्थाले नेपाली युवाको एउटा ठूलो हिस्सा विदेशतर्फ धकेलिरहेको छ । आज विदेश जाने युवा सबै देश छाड्न चाहेर गएका होइनन् । धेरैका लागि यो निर्णय अवसर र बाध्यताको बीचमा गरिएको निर्णय हो । नेपालमा आफ्नो योग्यता र श्रमअनुसारको आम्दानी हुने अवस्था नभएपछि युवाले विदेशलाई विकल्प बनाएको हो । विदेशबाट आएको रेमिट्यान्सले घर चल्छ, बालबालिका पढ्छन्, घर बन्छ, ऋण तिरिन्छ र देशको अर्थतन्त्रलाई समेत ठूलो सहयोग पुगेको छ । तर हामीले एउटा प्रश्न पनि सोध्नुपर्छ, यदि देशको उत्पादनशील उमेरको ठूलो जनशक्ति विदेशमा छ भने नेपालभित्र उत्पादन कसले गर्ने हो ?

रेमिट्यान्स हाम्रो अर्थतन्त्रको महत्वपूर्ण आधार त बनेको छ । तर विदेशमा नेपाली युवाले पसिना बगाएर कमाएको पैसा नेपालमा मुख्यतः उपभोग र आयातमै खर्च भइरह्यो भने त्यसले हाम्रो वर्तमान त धान्ला, भविष्य बनाउँदैन । विदेशबाट आएको पैसाले घर बनाउन सकिन्छ, तर उद्योग बनाउन सकिएन भने रोजगारी सिर्जना हुँदैन । विदेशबाट आएको पैसाले गाडी किन्न सकिन्छ, तर उत्पादनमूलक क्षेत्रमा लगानी भएन भने अर्को पुस्तालाई पनि विदेशकै बाटो देखाउनुपर्ने हुन्छ ।

त्यसैले आज सरकारको प्राथमिकता “युवा विदेश नजाऊ” भन्ने हुनु हुँदैन । युवालाई विदेश जानबाट रोक्न सकिँदैन, रोक्नु पनि हुँदैन । मानिसलाई आफ्नो भविष्यका लागि अवसर खोज्ने अधिकार छ । राज्यले गर्नुपर्ने काम भनेको नेपालमै पनि भविष्य बनाउन सकिन्छ भन्ने विश्वास र आधार निर्माण गर्नु हो ।

यही असन्तुष्टिको राजनीतिक अभिव्यक्ति पछिल्लो न्भल-श आन्दोलनमा देखियो । सामाजिक सञ्जालमाथिको प्रतिबन्ध तत्कालीन कारणका रूपमा अगाडि आए पनि आन्दोलनको असन्तुष्टि त्यसभन्दा गहिरो थियो । युवाको प्रश्न केवल एउटा एप चलाउन पाउने कि नपाउने भन्ने थिएन । प्रश्न थियो, राज्यले हामीलाई कति सुन्छ ? राजनीतिक नेतृत्व हामीप्रति कति जवाफदेही छ ? अवसर किन पहुँचका आधारमा बाँडिन्छ ? भ्रष्टाचार र शक्तिको दुरुपयोग किन सामान्यजस्तो देखिन्छ ? पढेर पनि भविष्यका लागि विदेश जानुपर्ने अवस्था किन आउँछ ?

त्यसैले न्भल-श आन्दोलनलाई एउटा पुस्ताको क्षणिक आक्रोश मात्र भनेर बुझ्नु उचित हुँदैन । यो लामो समयदेखि जम्मा हुँदै आएको निराशाको विस्फोट थियो । आन्दोलनले नेपालको राजनीतिलाई एउटा स्पष्ट सन्देश दियो, नयाँ पुस्ता अब केवल चुनावमा मत हाल्ने पुस्ता भएर बस्न तयार छैन । ऊ प्रश्न गर्न चाहन्छ, निर्णय प्रक्रियामा सहभागी हुन चाहन्छ र आफूले भोगिरहेको समस्याको समाधान हेर्न चाहन्छ ।

त्यसपछि नेपालको राजनीतिमा आएको परिवर्तनले बालेन्द्र शाहलाई प्रधानमन्त्रीको जिम्मेवारीमा पुर्‍यायो । युवा पुस्तामाझ स्थापित छवि भएका बालेनको प्रधानमन्त्री बन्नु आफैँमा एउटा महत्वपूर्ण राजनीतिक संकेत थियो । लामो समयदेखि शासनमा रहेको पुस्ताको ठाउँमा तुलनात्मक रूपमा युवा नेतृत्व आउनु पुस्तान्तरणको संकेत हो । तर यहाँबाट एउटा ठूलो भ्रमबाट बच्नुपर्छ ।

प्रधानमन्त्री युवा हुँदैमा सरकार युवामैत्री हुँदैन ।

युवा हुनु एउटा उमेर हो । युवामैत्री हुनु एउटा नीति हो । युवा नेतृत्व हुनु एउटा राजनीतिक पहिचान हो । युवाको भविष्य बदल्ने नीति बनाउनु शासनको परीक्षा हो ।

त्यसैले अब बालेन सरकारको मूल्याङ्कन प्रधानमन्त्री कति वर्षका छन् भनेर होइन, नेपाली युवाको जीवनमा के परिवर्तन आयो भनेर हुनुपर्छ ।

सरकारले रोजगार, सीप र उद्यमशीलतालाई एकीकृत रूपमा अघि बढाउने दिशामा केही महत्वपूर्ण पहल गरेको छ । “रोजगार, सीप तथा उद्यमशीलतासम्बन्धी एकीकृत सेवा प्रवाह कार्यविधि-२०८३” यसको एउटा उदाहरण हो । विगतमा तालिम एउटा ठाउँमा, रोजगारीको सूचना अर्को ठाउँमा र कर्जाको व्यवस्था अर्को निकायमा हुने समस्या थियो । एउटा युवाले सीप सिकेपछि काम खोज्न फेरि अर्को कार्यालय धाउनुपर्ने, व्यवसाय गर्न खोजेपछि कर्जा र बजारको छुट्टाछुट्टै खोजी गर्नुपर्ने अवस्था थियो । यी सेवाहरूलाई एउटै प्रणालीमा जोड्ने प्रयास सही दिशातर्फको कदम हो ।

तर एउटा कार्यविधि बनेर मात्र युवाको जीवन बदलिँदैन । अन्ततः प्रश्न यही हो, त्यसबाट कति युवाले काम पाए ? कति युवाले व्यवसाय सुरु गरे ? सुरु गरेका व्यवसायमध्ये कति टिके ? कति युवाको आम्दानी बढ्यो ? यी प्रश्नको जवाफ तथ्याङ्कले दिनुपर्छ ।

युवा स्वरोजगारका नाममा नेपालमा यसअघि पनि धेरै कार्यक्रम आए । ऋण बाँडियो, तालिम दिइयो, अनुदान दिइयो । तर सबैभन्दा महत्वपूर्ण कुरा हामीले कहिल्यै गम्भीरतापूर्वक मापन गरेनौँ, ती कार्यक्रमबाट कति सफल उद्यमी जन्मिए ? कति व्यवसाय पाँच वर्षपछि पनि टिकिरहेका छन् ? कति युवाले अरूलाई समेत रोजगारी दिए ?

अब नयाँ सरकारले त्यही पुरानो बाटो दोहोर्‍याउनु हुँदैन । युवालाई केवल ऋण दिने होइन, ऋणसँगै सीप, परामर्श, बजार र प्रविधि दिनुपर्छ । एउटा युवाले व्यवसाय सुरु गर्दा सरकारी कार्यालयले उसलाई कागजको फाइल होइन, व्यवसायको यात्रामा आवश्यक सहयोग दिनुपर्छ ।

उदाहरणका लागि, कुनै युवाले कृषि व्यवसाय गर्न चाहन्छ भने उसलाई कर्जा दिएर मात्र जिम्मेवारी पूरा हुँदैन । उसलाई कुन उत्पादन बजारमा जान्छ, कति उत्पादन गर्ने, कहाँ बेच्ने, कसरी प्रशोधन गर्ने र कसरी ब्रान्ड बनाउने भन्ने ज्ञान र बजार पनि चाहिन्छ । होटल वा पर्यटन व्यवसाय गर्न चाहने युवालाई पनि ऋणसँगै व्यवस्थापन, डिजिटल मार्केटिङ र बजार पहुँच चाहिन्छ । प्रविधिमा काम गर्न चाहने युवालाई सीपसँगै अन्तर्राष्ट्रिय बजार र भुक्तानी प्रणाली चाहिन्छ ।

यही कारणले अब नेपालको युवा नीति “सरकारले के दिने ?” भन्ने प्रश्नमा होइन, “युवाले के सिर्जना गर्न सक्छ ?” भन्ने प्रश्नमा आधारित हुनुपर्छ ।

विदेशबाट फर्किएका युवाका विषयमा पनि नयाँ सोच आवश्यक छ । विदेशबाट फर्किएको युवालाई हामी प्रायः रोजगारी गुमाएर फर्किएको व्यक्तिका रूपमा हेर्छौं । वास्तवमा ऊ अनुभव लिएर फर्किएको हो । उसले विदेशमा मेसिन चलाएको हुन सक्छ, होटल व्यवस्थापन सिकेको हुन सक्छ, निर्माण क्षेत्रमा काम गरेको हुन सक्छ, कृषि प्रविधि बुझेको हुन सक्छ वा अन्तर्राष्ट्रिय

बाँकी पृष्ठ ३मा

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बच्छार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# युवा : उमेर.........

कम्पनीको कार्यसंस्कृति देखेको हुन सक्छ ।

त्यसैले सरकारले विदेशबाट फर्किएका युवाको सीप र अनुभवको व्यवस्थित अभिलेख राख्नुपर्छ । च्मतगचलभभ थ्यगतज म्बतबदबकभ बनाउन सकिन्छ । विदेशमा उसले के सिक्यो, कति वर्ष काम गऱ्यो, नेपालमा के गर्न चाहन्छ र कति लगानी गर्न सक्छ भन्ने विवरण राखेर त्यस्ता युवालाई स्थानीय उद्योग र व्यवसायसँग जोड्न सकिन्छ । विदेशमा बगेको श्रमलाई नेपालमा उत्पादनमा बदल्ने हो भने यही बाटो महत्वपूर्ण हुन सक्छ ।

युवा नीति रोजगारीमा मात्र सीमित हुनु पनि हुँदैन । न्भल-श पुस्ताले सुशासन र जवाफदेहिता पनि मागेको छ । एउटा युवा जागिर पाएर मात्र सन्तुष्ट हुँदैन, उसले राज्य निष्पक्ष छ कि छैन भन्ने पनि हेर्छ । उसको साथी योग्यता भएर पनि अवसर नपाएर राजनीतिक पहुँच भएका मानिस अघि बढेको देख्छ भने उसमा निराशा पैदा हुन्छ । त्यसैले योग्यताको सम्मान, पारदर्शी नियुक्ति, भ्रष्टाचार नियन्त्रण र सार्वजनिक संस्थामाथिको विश्वास निर्माण पनि युवामैत्री राज्यका आधार हुन् ।

राजनीतिमा पनि यही कुरा लागू हुन्छ । विगतमा युवालाई राजनीतिक दलहरूले धेरैजसो चुनावको समयमा सम्झिए । जुलुसमा भीड चाहियो, युवा चाहियो । प्रचार गर्न युवा चाहियो । तर नीति बनाउने ठाउँमा युवा कति पुगे ? निर्णय गर्ने ठाउँमा कति पुगे ? यो प्रश्न अझै बाँकी छ ।

न्भल-श आन्दोलनले यही संस्कारमाथि प्रश्न गरेको हो । त्यसैले नयाँ सरकारले युवालाई केवल मन्त्री वा सांसद बनाउने होइन, नीति निर्माणको प्रक्रियामा वास्तविक साझेदार बनाउनुपर्छ । शिक्षा, रोजगारी, प्रविधि, पर्यटन, कृषि, वातावरण र डिजिटल अर्थतन्त्रका नीतिमा युवा विज्ञ र उद्यमीको प्रत्यक्ष सहभागिता हुनुपर्छ ।

अझ महत्वपूर्ण कुरा, अब सरकारका हरेक ठूला कार्यक्रमको परिणाम मापन हुनुपर्छ । युवा कार्यक्रमका लागि बजेट छुट्याउनु उपलब्धि होइन । त्यस बजेटबाट कति रोजगारी सिर्जना भयो भन्ने उपलब्धि हो । तालिममा कति युवा सहभागी भए भन्ने होइन, तालिमपछि कति युवाले आम्दानी गर्न थाले भन्ने प्रश्न हो । कति ऋण वितरण भयो भन्ने होइन, कति उद्यम टिके भन्ने प्रश्न हो ।

यही ठाउँमा बालेन सरकारसँग जनताको अपेक्षा अरू सरकारभन्दा बढी छ । किनकि यो सरकार केवल चुनावी प्रक्रियाबाट आएको सरकार मात्र होइन, परिवर्तनको तीव्र आकांक्षाबाट बनेको सरकार पनि हो । न्भल-श आन्दोलनले जुन आशा जगायो, त्यसको राजनीतिक जिम्मेवारी अब नयाँ नेतृत्वको काँधमा छ ।

यदि नयाँ नेतृत्वले पनि पुरानै शैलीमा भाषण गर्ने, कार्यक्रम घोषणा गर्ने तर परिणाम नदिने हो भने निराशा अझ गहिरो हुनेछ । नयाँ पुस्ताले अनुहार परिवर्तन मात्र खोजेको होइन, शासन गर्ने संस्कार परिवर्तन खोजेको हो ।

अबको युवा नीति कस्तो हुनुपर्छ भन्ने कुरा धेरै जटिल छैन । युवालाई बजारमा बिक्ने सीप चाहिन्छ । सीपलाई रोजगारीसँग जोड्नुपर्छ । रोजगारी नपाउनेलाई उद्यमको अवसर दिनुपर्छ । उद्यम गर्नेलाई पूँजी र बजार दिनुपर्छ । विदेशबाट फर्किनेलाई अनुभवअनुसार अवसर दिनुपर्छ । नेपालमै बसेर विश्व बजारमा काम गर्न चाहनेलाई डिजिटल पूर्वाधार दिनुपर्छ । र सबैभन्दा माथि, राज्यले योग्यता र मेहनतको सम्मान गर्छ भन्ने विश्वास दिनुपर्छ ।

अन्ततः युवा भनेको उमेरको एउटा कोटि मात्र होइन । युवा एउटा मानसिकता पनि हो । नयाँ कुरा सोच्ने, प्रश्न गर्ने, जोखिम लिन सक्ने र असम्भवजस्तो देखिएको कुरालाई सम्भव बनाउन खोज्ने ऊर्जा हो ।

हाम्रो देशको दुर्भाग्य के हो भने हामीसँग युवा धेरै छन्, तर उनीहरूलाई प्रयोग गर्ने दृष्टि कमजोर छ र हाम्रो सौभाग्य के हुन सक्छ भने यही युवा शक्ति अझै समाप्त भएको छैन । उसमा ऊर्जा छ, सिक्ने इच्छा छ, संसार बुझ्ने क्षमता छ र देश बदल्न सकिन्छ भन्ने विश्वास पनि छ ।

न्भल-श आन्दोलन त्यसैको एउटा प्रमाण थियो । अब आन्दोलनको ऊर्जा कहाँ जाने भन्ने प्रश्न छ । सडकबाट सरकारसम्म पुगेको यो ऊर्जा अब विद्यालय, विश्वविद्यालय, उद्योग, कृषि, प्रविधि, पर्यटन र उद्यममा पुग्नुपर्छ । आक्रोश उत्पादनमा बदलिनुपर्छ । निराशा सिर्जनामा बदलिनुपर्छ । विदेशको अनुभव नेपालमा लगानीमा बदलिनुपर्छ । रेमिट्यान्स पूँजी निर्माणमा बदलिनुपर्छ ।त्यसपछि मात्र हामी भन्न सक्छौँ, नेपालमा केही बदलिँदैछ ।

बालेन सरकारसँग अहिले एउटा ऐतिहासिक अवसर छ । युवाले सडकमा उठाएको प्रश्नलाई राज्यको नीतिमा बदल्ने अवसर । तर इतिहासले सरकारलाई अवसर मात्र दिँदैन, हिसाब पनि माग्छ ।

केही वर्षपछि प्रश्न हुनेछ, त्यो युवा नेतृत्वको सरकारले युवाका लागि के गऱ्यो ?

त्यसको उत्तर भाषणमा होइन, तथ्याङ्कमा देखिनुपर्छ ।

कति युवा नेपालमै रोजगारीमा छन् ? कति नयाँ उद्यम जन्मिए ? कति उद्यम टिके ? कति विदेशबाट फर्किए ? कति युवाले नेपालबाट विश्व बजारमा सेवा निर्यात गरे ? कति युवाको आम्दानी बढ्यो ? कति युवाले राज्यप्रति विश्वास गर्न थाले ? यी प्रश्नको उत्तर सकारात्मक हुँदै गयो भने न्भल-श आन्दोलन केवल एउटा राजनीतिक घटना हुनेछैन । त्यो नेपालको पुस्तान्तरणको सुरुवात हुनेछ ।

किनकि सडकमा उठेको युवा आवाजको अन्तिम गन्तव्य सत्ता होइन, परिवर्तन हो । र सत्तामा पुगेको युवा नेतृत्वको अन्तिम परीक्षा भाषण होइन, परिणाम हो ।

युवालाई रोक्ने होइन, अवसर दिने राज्य बनोस् । युवालाई प्रयोग गर्ने होइन, विश्वास गर्ने राजनीति बनोस् । युवालाई ऋणमा बाँध्ने होइन, उद्यममा उभ्याउने नीति बनोस् । र विदेश जानुपर्ने बाध्यता होइन, नेपालमै भविष्य देख्ने वातावरण बनोस् ।

त्यस दिन मात्र युवा दिवसको शुभकामना वास्तविक अर्थमा सार्थक हुनेछ । इमेल : ksbkhanal@gmail.com

# दुध र चिनी नराखी कफी पिउनु स्वास्थ्यका लागि फाइदाजनक



संसारमा धेरै यस्ता मानिसहरु छन् जो बिहान एक कप कफि नपिइकन आफ्नो दिनको सुरुवात गर्दैनन् ।

यी मानिसहरुका अनुसार कफीले उनीहरुको दैनिक उत्पादकत्वमा धेरै राम्रो प्रभाव पार्छ। यस्ता कैयौं अनुसन्धानहरु भएका छन् जसले कफी स्वास्थ्यको लागि राम्रो भएको तथ्य पत्ता लगाएको छ ।

दिनमा तीन देखि चार कप कफी पिउनु स्वास्थ्यको लागि धेरै नै राम्रो हुने मानिने पोषणविद् अतुल उपाध्याय बताउँछन् । उनका अनुसार दुध र चिनी नराखी कफी पिउनु सबैभन्दा राम्रो हुन्छ । ठिक्क मात्रामा कफी पिउँदा ऊर्जा बढ्ने, मानसिक एकाग्रता राम्रो हुने, टाइप-२ मधुमेह, कलेजोको रोग तथा मुटुसम्बन्धी समस्याको जोखिम कम हुने गर्छ। यसमा पाइने एन्टिअक्सिडेन्टले शरीरका कोषहरूलाई स्वस्थ राख्न सहयोग पुऱ्याउँछ।

यस्ता छन्, कफी सेवनका फाइदाहरु

*ऊर्जा र सतर्कता*

कफीमा पाइने क्याफिनले मस्तिष्कलाई सक्रिय बनाउँछ र अल्छीपन हटाइ ऊर्जा थप्छ।

*मधुमेहको जोखिम कम*

नियमित रूपमा सीमित मात्रामा कफी पिउँदा टाइप-२ मधुमेह हुने सम्भावना घट्छ।

*कलेजोको सुरक्षा*

कलेजोमा फ्याट जम्न नदिन र कलेजोको क्यान्सर वा सिरोसिसको जोखिम कम गर्न कफी सहयोगी हुन्छ।

*तौल नियन्त्रण*

यसले मेटाबोलिजम बढाएर क्यालोरी जलाउन मद्दत गर्छ।मानसिक स्वास्थ्य: अल्जाइमर र पार्किन्सन्स जस्ता मस्तिष्कसम्बन्धी रोगहरूको जोखिम कम गर्छ।

# मिथिलामा......

पर्वलाई भक्ति, समर्पण र सांस्कृतिक उत्सवको संगमका रूपमा लिइन्छ। झुलनोत्सवले मिथिलाको धार्मिक आस्था मात्र नभई यहाँको कला, संगीत, लोकसंस्कृति र परम्पराको संरक्षणमा समेत महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ। पर्वका अवसरमा मठमन्दिरमा भेला भएका श्रद्धालुहरू भजनकीर्तनमा सहभागी हुनुका साथै झुला हल्लाएर आफ्नो भक्तिभाव प्रकट गर्छन् ।

महोत्तरीको मटिहानीमा पनि झुलनोत्सव विशेष उत्साहका साथ मनाउन थालिएको छ। मटिहानीस्थित लक्ष्मीनारायण मठ तथा मन्दिरबाट लक्ष्मीनारायणका प्रतिमा डोलीमा राखेर बाजागाजासहित विशेष रूपमा निर्माण गरिएको झुलाघरमा पुऱ्याइएपछि पर्वको औपचारिक सुरुआत गरिन्छ ।

मटिहानीस्थित लक्ष्मीनारायण मठका उत्तराधिकारी महन्थ डा. रवीन्द्रदास वैष्णवका अनुसार झुलनोत्सव मैथिल हिन्दू परम्परामा भक्ति, समर्पण र सांस्कृतिक मनोरञ्जनको विशिष्ट पर्व हो । उहाँले भन्नुभयो, "यो बालरूपका भगवान् र भगवतीलाई झुलनामा झुलाइने पर्व हो। श्रीरामकी माता कौशल्या र श्रीकृष्णकी माता यशोदाले आफ्ना बालकलाई कोक्रामा हल्लाउनुभएको प्रसङ्गको प्रतीकात्मक स्मरणका रूपमा पनि यस पर्वलाई लिइन्छ।"

विष्णु(लक्ष्मी भक्तिसँग जोडिएको यो पर्व घरघरमा भन्दा मठमन्दिरमा सामूहिक रूपमा मनाइन्छ। विष्णु र लक्ष्मीका अवतार मानिने रामसीता तथा कृष्णराधाका प्रतिमालाई विशेष झुलामा राखेर श्रद्धालुहरूले गीत गाउँदै झुलाउने गर्छन्। डोरी समाएर झुला हल्लाउँदै भक्तजनले झुला गीत, कजरी र मलार गाउने परम्परा रहेको छ।

झुलनोत्सव प्राचीन मिथिला क्षेत्रमा व्यापक रूपमा मनाइए पनि जनकपुरधामस्थित जानकी मन्दिर र महोत्तरीको मटिहानीस्थित लक्ष्मीनारायण मठ तथा मन्दिरको झुला महोत्सव विशेष प्रसिद्ध मानिन्छ। यसैगरी महोत्तरीको जलेश्वर र बर्दिबासस्थित विभिन्न रामजानकी मन्दिर तथा वैष्णव मठमा पनि झुलनोत्सव मनाइन्छ। मिथिलामा यो पर्व भगवान् रामको जन्मभूमि मानिने अवध तथा भगवान् कृष्णको बाललीलास्थल वृन्दावनको परम्पराबाट प्रभावित भएर भित्रिएको विश्वास गरिन्छ। प्राचीन मिथिलाको राजधानी जनकपुरधाम सीताको माइती भएकाले ज्वाइँ भगवान् रामलाई प्रसन्न तुल्याउने मैथिल सांस्कृतिक परम्परासँग पनि यस पर्वलाई जोडेर हेर्ने गरिएको छ।

जनकपुरधाममा झुलनोत्सवसँग जोडिएको मणिपर्वतको पनि विशेष महत्व रहेको छ। जनश्रुतिअनुसार भगवान् राम र सीताको विवाहका क्रममा राजा जनकले दिएको हिरा, रत्न तथा मणिमाणिक्यको थुप्रोबाट पहाडजस्तो संरचना बनेको र पछि त्यसलाई मणिपर्वत भनिएको हो। जानकी मन्दिरबाट करिब पाँच किलोमिटर उत्तरपश्चिममा रहेको उक्त स्थानमा साउन शुक्ल तृतीयाका दिन पूजा गरी झुलनोत्सव आरम्भ गर्ने परम्परा रहेको बताइन्छ।

मटिहानीमा पर्वका अवसरमा स्थानीय मात्र नभई सीमावर्ती भारतीय क्षेत्रका विभिन्न मठमन्दिरबाट समेत देवीदेवताका प्रतिमा ल्याएर झुलामा झुलाउने गरिन्छ । पर्वभरि साधुसन्त र श्रद्धालुको जमघट हुने गर्दछ । साउन पूर्णिमाका दिन झुलनाको डोरी चुडालेर पर्व समापन गर्ने मैथिल परम्परा छ। मिथिलामा प्रचलित विद्यापति र मिथिला पञ्चाङ्गअनुसार चन्द्रमासको साउनदेखि नयाँ वर्षको धार्मिक चाडपर्वको क्रम सुरु हुने मान्यता पनि रहेको छ । मटिहानीस्थित याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठ संस्कृत क्याम्पसका मैथिली भाषा तथा साहित्यका उपप्राध्यापक मनोज झा मुक्तिका अनुसार साउन महिनामा मनाइने मधुश्रावणी, नागपञ्चमी, झुलनोत्सव र रक्षाबन्धनलाई मिथिलामा वर्षभरिका चाडपर्वको सुरुआती संकेतका रूपमा लिइन्छ ।

यद्यपि पछिल्ला केही वर्षयता झुलनोत्सवको पुरानो रौनक भने केही खस्कँदै गएको स्थानीयको गुनासो छ। गुठी व्यवस्थापनप्रतिको उदासीनता, कतिपय मठमन्दिर महन्थविहीन हुनु तथा ग्रामीण क्षेत्रका श्रद्धालुको सहभागितामा कमी आउँदा विगतजस्तो चहलपहल देखिन छाडेको उनीहरू बताउँछन् । यस वर्ष वर्षाका कारण धान रोपाइँ प्रभावित हुनुका साथै ग्रामीण क्षेत्रका मानिस कृषि कार्यमा व्यस्त रहेकाले जनकपुरधाम लगायतका प्रमुख धार्मिक स्थलमा आउने श्रद्धालुको संख्या पनि अपेक्षाकृत कम देखिएको छ । तर, धार्मिक आस्था, लोकसंस्कृति र परम्पराको अद्वितीय संगमका रूपमा रहेको झुलनोत्सवले आज पनि मिथिलाको सांस्कृतिक पहिचानलाई जीवन्त राख्दै आएको छ। झुलामा विराजमान सीताराम र राधाकृष्ण, भजनकीर्तनको गुञ्जन र कजरी(मलारको मधुर धुनसँगै मिथिलाका मठमन्दिरमा साउनको धार्मिक र सांस्कृतिक रौनक छाएको छ ।

# चार उद्योगको....

थप्न सकियो।"

सिमरा वितरण केन्द्रअन्तर्गत बारा-पर्सा औद्योगिक करिडोरका उद्योगसहित करिब ४२ हजार उपभोक्ता आबद्ध छन्।

वितरण केन्द्रको सेवा क्षेत्रमा बाराको निजगढ नगरपालिका, जीतपुरसिमरा उपमहानगरपालिकाका १८ वडा तथा पर्साको वीरगञ्ज महानगरपालिकाका वडा नम्बर २९, ३१ र ३२, पर्सागढी नगरपालिकाका ६ वडा र सखुवाप्रसौनी गाउँपालिकाको वडा नम्बर १ पर्दछन्।

*विद्युत् चुहावट २.०६ प्रतिशतमा सीमित*

सिमरा वितरण केन्द्रले गत आर्थिक वर्षमा विद्युत् लाइन काटेर ११ करोड ६० लाख रुपैयाँ बक्यौता असुल गरेको जनाएको छ।

वितरण केन्द्रअन्तर्गत विद्युत् चुहावटको दर २.०६ प्रतिशतमा सीमित रहेको छ। चुहावट नियन्त्रण तथा विद्युत् आपूर्ति सुधारका लागि ११ केभी प्रसारण तथा वितरण लाइनको मर्मतसम्भार गरिएको प्राधिकरणले जनाएको छ।

त्यस्तै, जीतपुरसिमरा-१६ स्थित पिलुवा सबस्टेसनदेखि जीतपुरसिमरा-४ औराहासम्म विशेष आर्थिक क्षेत्र ( सेज) का लागि ३३ केभी प्रसारण लाइन सञ्चालनमा ल्याइएको छ।

सिमरा वितरण केन्द्रका अनुसार औद्योगिक क्षेत्रमा विद्युत् खपत बढ्दै जाँदा विद्युत् बिक्री र राजस्वमा सकारात्मक वृद्धि भएको छ। तर, चार ठूला उद्योगबाट उठाउन बाँकी रहेको डेडिकेटेड तथा ट्रङ्क लाइनको अर्बौं रुपैयाँ बक्यौता असुल गर्नु वितरण केन्द्रका लागि अझै प्रमुख चुनौती बनेको छ।

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक
समाचार दैनिक
जनकपुर

# जसपाको नयाँ संगठन : भण्डारी सहअध्यक्ष, तीन महासचिव

दैनिक समाचारदाता

जनकपुरधाम,३१ साउन । जनता समाजवादी पार्टी (जसपा) नेपालले लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालसँगको एकीकरणपछि नयाँ सांगठनिक संरचना सार्वजनिक गरेको छ।

पार्टी अध्यक्ष उपेन्द्र यादवको नेतृत्वमा गठित २७९ सदस्यीय केन्द्रीय कार्यसमितिमा शरतसिंह भण्डारीलाई सहअध्यक्ष तथा डा. सुरेन्द्रकुमार झा, लालबाबु राउत र प्रकाश अधिकारीलाई महासचिवको जिम्मेवारी दिइएको छ।पार्टीले जारी गरेको विज्ञप्तिअनुसार एकीकृत पार्टीको संरक्षकमा महन्थ ठाकुरलाई चयन गरिएको छ भने रकम चेम्जोङलाई वरिष्ठ नेताको जिम्मेवारी दिइएको छ।




जसपा नेपालले विधानको धारा ८७ को उपधारा (२) बमोजिम दुवै पार्टीका केन्द्रीय समितिलाई समायोजन गरी नयाँ केन्द्रीय समिति गठन गरिएको जनाएको छ। नयाँ संरचनालाई समावेशी बनाउने क्रममा महिलाको प्रतिनिधित्व ३३ प्रतिशत र युवाको प्रतिनिधित्व ४० प्रतिशत कायम गरिएको पार्टीको दाबी छ।

पार्टीको नीति निर्माण तथा सांगठनिक सञ्चालनमा सहयोग पुऱ्याउन सात जनालाई उपाध्यक्षको जिम्मेवारी दिइएको छ। उपाध्यक्षमा उमाकान्त झा, गोविन्द चौधरी, जीतेन्द्रप्रसाद सोनार, निलम वर्मा, परमेश्वर साह, राजकिशोर यादव र रेणु कुमारी यादव रहेका छन्।

त्यस्तै, महासचिवलाई सांगठनिक काममा सहयोग पुऱ्याउन जैनुल राइन, दीपक कार्की, रामप्रकाश चौधरी, रानी कुमारी तिवारी, राजकुमार राई, रेखा यादव र लिला देवी सिटौलालाई उपमहासचिवको जिम्मेवारी दिइएको छ।

पार्टी सचिवमा अर्जुन थापा, उमेश यादव, अनिलकुमार सिंह, उपेन्द्र महतो, कमरुद्दीन राई, मिना चौधरी, रामप्रवेश बैठा, लाक्पा शेर्पा, शैलेन्द्रप्रसाद साह, सुनी लामा र सुरेश मण्डल चयन भएका छन्।

कोष व्यवस्थापनको जिम्मेवारी सुरिताकुमारी साहलाई कोषाध्यक्षका रूपमा दिइएको छ। मुख्य पदाधिकारीबाहेक पार्टीले २९ सदस्यीय कार्यकारिणी समिति पनि गठन गरेको छ। कार्यकारिणी समितिमा अशेश्वर यादव, अम्बिका काफ्ले, अनिरुद्धप्रसाद सिंह यादव, अमरकान्त झालगायतका नेताहरू रहेका छन्।

त्यसैगरी, २१७ जनालाई केन्द्रीय सदस्यको जिम्मेवारी दिइएको छ। केन्द्रीय सदस्यमा अञ्जना शेर्पा, अरविन्द दास, अरुण सिंह मण्डल धानुकलगायतका नेताहरू समेटिएका छन्।

पार्टीले मुख्य पदाधिकारीहरूको वरियताक्रम विधानको धारा १३० अनुसार निर्धारण गरिएको जनाएको छ। अन्य सदस्यहरूको नाम भने वर्णानुक्रमअनुसार राखिएको विज्ञप्तिमा उल्लेख छ। जसपा नेपालले नयाँ केन्द्रीय कार्यसमितिमा देशका विभिन्न जिल्ला तथा समुदायबाट प्रतिनिधित्व सुनिश्चित गरिएको जनाएको छ। लोसपा नेपालसँगको एकीकरणपछि सार्वजनिक गरिएको यो नयाँ संरचनालाई संगठनात्मक एकीकरणलाई औपचारिकता दिने महत्वपूर्ण कदमका रूपमा हेरिएको छ।

# मानार्थ महारथी लिन नेपाल आए सेठ

दैनिक समाचारदाता

काठमाडौं, ३१ साउन । भारतीय प्रधानसेनापति जनरल धिरज सेठ नेपाल भ्रमणका क्रममा काठमाडौं आइपुगेका छन्। उनलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा नेपाली सेनाका उच्च अधिकारीहरूले स्वागत गरेका छन्। नेपाली सेनाका प्रवक्ता तथा सहायक रथी राजाराम बस्नेतले भारतीय प्रधानसेनापति सेठ काठमाडौं आइपुगेको जानकारी दिनुभयो।



प्रधानमन्त्री बालेन शाहले सत्ता सम्हालेयता भारतबाट नेपाल भ्रमणमा आउने सेठ अहिलेसम्मकै सबैभन्दा वरिष्ठ अधिकारी रहेको बताइएको छ। उनले नेपाल भ्रमणबाटै आफ्नो पहिलो विदेश भ्रमण सुरु गरेका हुन्।

काठमाडौं बसाइँका क्रममा भारतीय प्रधानसेनापति सेठले रक्षामन्त्रीको समेत जिम्मेवारी सम्हाल्दै आएका प्रधानमन्त्री बालेन शाह, नेपाली सेनाका प्रधानसेनापति अशोकराज सिग्देलगायतसँग भेटवार्ता गर्ने कार्यक्रम रहेको छ।

सन् २०२६ जुन ३० मा भारतीय सेनाको प्रधानसेनापति नियुक्त भएका सेठ नेपाली सेनाको मानार्थ महारथीको दर्जा ग्रहण गर्न नेपाल आएका हुन्। उनलाई सोमबार राष्ट्रपति रामचन्द्र पौडेलले राष्ट्रपति भवन शीतलनिवासमा आयोजना हुने विशेष समारोहमा नेपाली सेनाको मानार्थ महारथीको दर्जा प्रदान गर्ने कार्यक्रम रहेको छ।

काठमाडौं बसाइँका क्रममा उनले सैनिक मञ्च टुँडिखेल पुगेर श्रद्धाञ्जली अर्पण गर्ने तथा प्रधानसेनापति अशोकराज सिग्देलसँग दुई देशका सेनाबीचको आपसी सहयोग र सहकार्यका विषयमा द्विपक्षीय छलफल गर्ने कार्यक्रम पनि रहेको बताइएको छ। भारतीय प्रधानसेनापतिलाई नेपाली सेनाको र नेपाली प्रधानसेनापतिलाई भारतीय सेनाको मानार्थ महारथीको दर्जा प्रदान गर्ने परम्परा सन् १९५० देखि चलिआएको नेपाली सेनाले जनाएको छ। नेपाली सेनाका बहालवाला प्रधानसेनापति अशोकराज सिग्देलले पनि भारतीय सेनाको मानार्थ महारथीको दर्जा प्राप्त गरिसक्नुभएको छ। उहाँलाई २७ मंसिर २०८१ मा नयाँदिल्लीस्थित राष्ट्रपति भवनमा आयोजित विशेष समारोहमा भारतीय राष्ट्रपति द्रौपदी मुर्मुले उक्त दर्जा प्रदान गर्नुभएको थियो।

# देउवा फर्किए, कांग्रेस विवाद झन् पेचिलो

दैनिक समाचारदाता

काठमाडौं, ३१ साउन । पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा पाँच महिनापछि स्वदेश फर्किएसँगै पार्टीभित्रको विवाद थप पेचिलो बनेको छ। उहाँको आगमनपछि कांग्रेसभित्र सहमति र एकताको वातावरण बन्ने अपेक्षा गरिए पनि पछिल्ला राजनीतिक गतिविधिले विवाद झन् गहिरिँदै गएको संकेत गरेका छन्।

बिहीबार स्वदेश फर्किनुभएका देउवा विमानस्थलबाट काठमाडौंको चुनदेवीस्थित सम्पर्क कार्यालय पुग्नुभएको थियो। त्यहाँ कार्यकर्तालाई सम्बोधन गर्दै उहाँले सरकारको कार्यशैलीप्रति असन्तुष्टि जनाउनुभएको थियो। विशेषगरी सम्पत्ति शुद्धीकरणासम्बन्धी अनुसन्धानलाई लिएर उहाँले सरकारमाथि प्रश्न उठाउनुभएको थियो।

शुक्रबार कांग्रेसको संस्थापनइतर पक्षको भेलालाई सम्बोधन गर्दै देउवाले तत्काल पार्टी एकताभन्दा पछिल्ला राजनीतिक तथा सांगठनिक गतिविधिको पुनरावलोकन आवश्यक रहेको धारणा राख्नुभयो। उहाँले विशेष महाधिवेशनका नाममा पार्टीको विधि, विधान र पद्धति मिचिएको आरोप लगाउँदै उक्त विषय सर्वोच्च अदालतमा विचाराधीन रहेकाले धेरै टिप्पणी गर्न उपयुक्त नहुने बताउनुभयो।

सर्वोच्च अदालतले विशेष महाधिवेशन र त्यसबाट निर्वाचित गगन थापा नेतृत्वको कार्यसमितिलाई मान्यता दिने यसअघिको फैसलामाथि पुनरावलोकनका लागि गत साउन २१ गते निस्सा दिएपछि कांग्रेसको आन्तरिक विवाद थप जटिल बनेको हो। देउवा पक्षले अदालतको अन्तिम फैसला आफ्नो पक्षमा आउने विश्वास व्यक्त गर्दै गगन थापा नेतृत्वको कार्यसमितिलाई स्वीकार गर्न हतार नगर्ने संकेत गरेको छ।

शनिबारको भेलामा नेता विमलेन्द्र निधिले प्रस्तुत गरेको राजनीतिक प्रस्तावमा १४औँ महाधिवेशनबाट निर्वाचित देउवा नेतृत्वको कार्यसमितिलाई नै निरन्तरता दिनुपर्ने धारणा अघि सारिएको छ।

यसैबीच, कांग्रेसको आगामी महाधिवेशनको मितिलाई लिएर पनि विवाद चर्किएको छ। संस्थापन पक्षले असोज १६ देखि १९ गतेसम्म केन्द्रीय महाधिवेशन गर्ने तयारी गरिरहेको छ। तर, देउवा पक्ष उक्त निर्णय रोक्न सर्वोच्च अदालत जाने तयारीमा रहेको नेताहरूले बताएका छन्। अदालतबाट अन्तरिम आदेश नआए निर्धारित समयमै महाधिवेशन अघि बढाउने तयारी थापा पक्षको छ। यस्तो अवस्थामा पार्टीभित्र समानान्तर गतिविधि थप बढ्दै गए कांग्रेस औपचारिक विभाजनतर्फ उन्मुख हुन सक्ने जोखिमसमेत देखिएको छ।

यद्यपि कांग्रेस नेता रामहरि खतिवडाले देउवा पार्टी एकताको पक्षमा रहेको र सबै पक्षलाई समेटेर समाधान खोज्न इच्छुक रहेको दाबी गर्नुभएको छ। राजनीतिक सहमतिको सम्भावना कमजोर बन्दै गएको अवस्थामा नेपाली कांग्रेसको आन्तरिक विवाद अब सर्वोच्च अदालतको आदेश र सम्भावित फैसलाले कुन मोड लिन्छ भन्ने विषय निर्णायक बन्ने देखिएको छ।

# विद्यालयमा नयाँ भवन उद्घाटन

दैनिक समाचारदाता

महोत्तरी, ३१ साउन । महोत्तरीको बलवा नगरपालिकामा शैक्षिक तथा सामुदायिक पूर्वाधार विस्तार गर्दै नवनिर्मित दुई कोठे विद्यालय भवन र तीन कोठे सामुदायिक भवन उद्घाटन गरिएको छ।

बलवा नगरपालिका-२, बदियास्थित श्री माध्यमिक विद्यालयको नवनिर्मित दुई कोठे भवन नगरप्रमुख रामविजय महतोले उद्घाटन गर्नुभएको हो।



विद्यालयमा कक्षाकोठाको अभावका कारण पठनपाठनमा समस्या हुँदै आएपछि नगरपालिकाको बहुवर्षीय बजेटबाट भवन निर्माण गरिएको नगरप्रमुख महतोले बताउनुभयो।

उद्घाटन कार्यक्रममा उहाँले नगर क्षेत्रका विद्यालयमा अझै पनि शिक्षक, कक्षाकोठा तथा आवश्यक भौतिक पूर्वाधारको अभाव रहेको उल्लेख गर्दै शिक्षा क्षेत्रको सुधारलाई प्राथमिकताका साथ अघि बढाइने बताउनुभयो।

शिक्षक अभाव पूर्ति गर्न नगरपालिकाले विज्ञापन आह्वान गरे पनि अपेक्षाकृत कम उम्मेदवार छनोट भएको उहाँले जानकारी दिनुभयो। नगरपालिकाले शिक्षक पदका लागि आवेदन आह्वान गर्दा ३६ जनाको आवेदन परेकोमा १६ जना मात्र छनोट भएका छन्।

'शिक्षकको अभाव छ। तर, विद्यालयको पठनपाठन प्रभावित हुन नदिन नगरपालिकाले आफ्नो तर्फबाट सक्दो प्रयास गरिरहेको छ,' नगरप्रमुख महतोले भन्नुभयो।

विद्यालयका प्रधानाध्यापक मणिराम ठाकुरले विद्यालयमा १२ वटा कक्षाकोठा रहे पनि अधिकांश कोठा एल्बेस्टर तथा टिनको छाना भएका कारण गर्मी मौसममा पठनपाठन सञ्चालन गर्न कठिनाइ हुने गरेको बताउनुभयो। नयाँ भवन निर्माण भएपछि विद्यार्थी र शिक्षकलाई सहज हुने उहाँको विश्वास छ।

प्रधानाध्यापक ठाकुरका अनुसार विद्यालयमा हाल ४५० भन्दा बढी विद्यार्थी अध्ययनरत छन्। विद्यार्थी सङ्ख्याको तुलनामा शिक्षक पर्याप्त नभएकाले विषयगत शिक्षकको व्यवस्था गर्न उहाँले नगरप्रमुखसँग आग्रह गर्नुभयो।

कार्यक्रममा बलवा नगरपालिका-२ का वडाध्यक्ष शशीभूषण साह, नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत उमेश महतो, शिक्षा शाखा संयोजक राजकिशोर झा तथा विभिन्न राजनीतिक दलका प्रतिनिधिलगायतको उपस्थिति थियो।

यसैबीच, नगरप्रमुख महतोले सोही वडामा नगरपालिकाको बजेटबाट निर्माण गरिएको तीन कोठे सामुदायिक भवनको समेत उद्घाटन गर्नुभएको छ।

नगरपालिकाको बजेटबाट निर्माण भएका दुवै भवनले स्थानीयस्तरमा शैक्षिक गतिविधि विस्तार तथा विभिन्न सामुदायिक कार्यक्रम सञ्चालनमा सहयोग पुग्ने विश्वास गरिएको छ।

अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

**Janakpurdham-4,Dhanusha Nepal**
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४